# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६ ) काठमाडौं, मंसिर ४ गते २०६३ साल (संख्या २९

## भाग ३

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकारले विघटित भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठन तथा त्यसको काम कारवाहीबाट भएको ज्यादतीका सम्बन्धमा जाँचबुझ गरी भविष्यमा त्यस प्रकारका गल्ती कमी कमजोरी दोहोरिन नदिन गर्नु पर्ने सुधारका सम्बन्धमा राय ठहर सहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मिति २०६३।७।१३ को निर्णयानुसार देहायबमोजिमको ५ सदस्यीय जाँचबुझ आयोग गठन गरी उक्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने गरी तोकेको छ।

१ आयोगको गठनः (१) आयोगको गठनविधि देहायबमोजिम हुनेछः

क) पुनरावेदन अदालतका पूर्व न्यायाधीश श्री माधवप्रसाद ओझा —अध्यक्ष

ख) जिल्ला अदालतका पूर्व न्यायाधीश श्री चित्रदेव जोशी —सदस्य

ग) अधिवक्ता श्री रामप्रसाद गौडेल —सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

घ) अधिवक्ता श्री विजयकुमार सिंह –सदस्य

ङ) सह-सचिव, श्री बाबुराम रेग्मी, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय सदस्य-सचिव

(२) आयोगको अध्यक्ष तथा सदस्यहरूले नेपाल सरकारले तोकेबमोजिम पारिश्रमिक र सुविधा पाउने छन् ।

२. आयोगको कामः

क) दुराग्रह तथा पूर्वाग्रह राखी विघटित भ्रष्टाचार नियन्त्रण शाही आयोगबाट भए गरेका ज्यादति र कारवाहीका सम्बन्धमा जाँचबुझ गरी सोको दोषी यकिन गरी दोषी उपर आवश्यक कारवाहीको लागि सुझाव पेश गर्ने,

ख) भविष्यमा यस प्रकारका गल्ती तथा कमी कमजोरी नदोहोऱ्याउन गर्नुपर्ने नीतिगत तथा कानूनी सुधारका सम्बन्धमा पेश गर्ने ।

३. आयोगको कार्यावधिः आयोगको कार्यावधि आयोगले काम प्रारम्भ गरेको मितिबाट पैंतालीस दिनको हुनेछ ।

४. आयोगको मुकामः आयोगको मुकाम काठमाडौंमा रहनेछ ।

५. आयोगको कर्मचारीः (१) आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउने छ ।

(२) आयोगमा खटिएका कर्मचारीहरूलाई निजहरूको शुरू तलब स्केलको पच्चीस प्रतिशतका दरले भत्ता उपलब्ध गराइनेछ ।

आज्ञाले,
डा. कुलरत्न भुर्तेल
नेपाल सरकारको सचिव

## नेपाल सरकार
## अर्थ मन्त्रालयको
## सूचना १

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३



२९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभागले International Trachoma Initiatives USA बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ६९,०६,४४१।६० (उनानसत्तरी लाख छ हजार चार सय एकचालिस सेण्ट साठी) मूल्य बराबरको Zithsomax औषधीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी B.P. KOIRALA MEMORIAL Cancer Hospital भरतपुर, चितवनले HORIBA ABX SAS France बाट यूरो १४,३५४.२० (चौध हजार तीन सय चौवन्न सेण्ट बीस) मूल्य बराबरको Pathology Reagents आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि पूरै कर छूट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध भै रुकुम जिल्ला जनस्वास्थ्य अस्पतालसँग कार्यरत MSF France (Nepal) नामक संस्थालाई दातृ संस्था MSF France बाट उपहार स्वरुप प्रदान गरिने यूरो ६,६०६.२५ (छ हजार छ सय छ सेण्ट पच्चिस) मूल्य बराबरको Medical Supplies and Equipments आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपात्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी रुपन्देही जिल्ला, सिद्धार्थ नगरपालिका–१२ स्थित The Esther Benjamin Trust नामको अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा संचालित परियोजनाका लागि दातृ संस्था The Esther Benjamin Trust UK बाट उपहार स्वरुप प्रदान गरिने स्टर्लिङ पाउण्ड ९८९.०४ (नौ सय उनानब्बे सिलिङ्ग चार) मूल्य बराबरको बालबालिकाहरुको कलामा प्रयोग गरिने सामग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

## नेपाल सरकार

## भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

नगर विकास ऐन, २०४५ को दफा १२ को उपदफा १२.१.२ बमोजिम काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३५ अन्तर्गत साविक सिनामंगल १क, १ख र कोटेश्वर १ख, १ग, २ख, २ग, ५क, ५ख, ५,ग ७क, ९ख, ९ग, र ९घ तथा भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालका वडा नं, १६ अन्तर्गत साविक दिव्यश्वरी ४ख१, ५ख, ६क र ऐ नगरपालिका वडा नं. १७ अन्तर्गत दिव्यश्वरी ७ख मा रहेको तपसिलको चार किल्ला भित्रको विभिन्न कित्ता जग्गाहरूलाई एकोकरण गरी सो जग्गामा नगर योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्न र त्यस्तो सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरू बिक्री गरी असुल गर्न तथा बाँकी विकसित घडेरीहरू साविकका जग्गाधनी वा मोहीहरूलाई समानुपातिक आधारमा फिर्ता दिने गरी मनोहरा जग्गा एकीकरण



७३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(लायण्ड पुलिंग) कार्यक्रम सञ्चालन गर्ने योजना नेपाल सरकारबाट मिति २०६३।६।२३ मा स्वीकृत भएकोले सोही ऐनको दफा ३ को उपदफा ३.३ को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

पूर्वः- लोकन्थली डिल

पश्चिमः- पेप्सीकोला कारखानाबाट जडिबुटी र अरनीको राजमार्ग हुँदै मनोहरा खोला

उत्तरः- भक्तपुर जाने पुरानो बाटो

दक्षिणः- हनुमन्ते खोला

आज्ञाले,
मदन गोपाल मलेकु
नेपाल सरकारको निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकारको मिति २०६३।७।१६ को निर्णयानुसार नेपाल न्याय सेवा, कानन समूहका राजपत्रांकित द्वितीय श्रेणीका कानून अधिकृत श्री सुमनकुमार आचार्यले घरायसी कारण देखाई आफ्नो पदबाट दिनु भएको राजिनामा मिति २०६१।१२।१४ गतेदेखि लागू हुने गरो स्वीकृत गरिएको छ ।

आज्ञाले,
ध्रुवप्रसाद सापकोटा
उप-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–
गो.हु.द.नं. १६।२०६२।६३

६९८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।